वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।

सम्पर्क : ०६५-५६३९०७, ९८५६०६०३७६

Email : bhanjyangdml@gmail.com
newsbhanjyang@gmail.com

वर्ष ४५ अंक ३२ | २०८३ जेठ ०६ गते बुधबार, नेपाल सम्वत् ११४६ May 20, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-



## हाटबजारमा खुवाको व्यापार

तनहुँको म्याग्दे गाउँपालिकाले मंगलबार वडा नं. ३ को धयेरेमा सञ्चालन गरेको कृषि हाटबजारमा स्थानीय कृषकले उत्पादन गरेको खुवा खाँदै गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत सहितको टोली । गाउँपालिकाले स्थानीय उत्पादनलाई बजारीकरणमा टेवा पुर्याउने उद्देश्यले प्रारम्भिक चरणको हाटबजार कार्यक्रम सञ्चालनमा ल्याएको छ ।

*तस्विर : भञ्ज्याङ*

# नुन पनि गुणस्तहीन ! आयोडिनविहीन नुन बिक्रीवितरणलाई तत्काल रोक्न चिकित्सकद्वारा माग

**भञ्ज्याङ समाचारदाता/झापा**

चिकित्सक तथा जनस्वास्थ्यकर्मीले नेपालमा आयोडिनको कमीले हुने जनस्वास्थ्य समस्याको जोखिम देखिने खतरा बढेकामा गम्भीर चिन्ता व्यक्त गर्दै तत्काल आयोडिनविहीन नुन बिक्रीवितरणमा प्रतिबन्ध लगाउन सरकारको ध्यानाकर्षण गराएका छन्। उहाँहरूले नेपाल भारत खुला सीमाका कारण यहाँका व्यापारिक 'सुपर मार्केट' तथा खाद्यन्न पसलमा आयोडिनविहीन भारतीय नुन खुलमखुला बिक्री वितरण भइराखेकामा चिन्ता व्यक्त गर्दै आम उपभोक्ताको स्वास्थ्यमा असर पुऱ्याउन यस्ता नुनलाई बजार अनुगमन गरेर जफतसमेत गर्न तीनै तहका सरकारसँग आग्रह गरेका छन् ।





अर्कोतर्फ सरकारले नुन बिक्री वितरणमा निजी क्षेत्रलाई प्रवेश गराएपछि बजारमा मापदण्ड एवं गुणस्तरअनुसार आयोडिनको मात्रा नभएको नुन बिक्रीवितरण हुँदा भविष्यमा आयोडिनको कमीले हुने स्वास्थ्य समस्या जटिल रूपमा देखिने खतरा बढेको उहाँहरूको तर्क छ । बालरोग विशेषज्ञ डा टङ्क बह्राराकोटीले आयोडिनविहीन नुनको प्रयोग बढ्ने हो भने विशेष गरेर बालबालिका तथा गर्भवतीको स्वास्थ्य जोखिममा पर्न सक्ने औँल्याउनुभयो । राष्ट्रिय उपभोक्ता मञ्चद्वारा सोमबार यहाँ आयोजित 'बजारमा उपलब्ध नुनको गुणस्तर र यसको उपभोगबाट हुनसक्ने स्वास्थ्यसम्बन्धी' कार्यक्रममा उहाँ भन्नुभयो "आयोडिनविहीन नुनको प्रयोग बढ्ने हो भने आयोडिनको कमीले हुने जनस्वास्थ्य समस्याको जोखिम देखिन सक्छ । यसलाई गम्भीरतापूर्वक लिइनुपर्छ । तत्काल आयोडिनविहीन नुन बिक्री वितरणमा प्रतिबन्ध लगाइनुपर्छ ।"

श्रीलङ्काले हाल आयोडिनविहीन नुनले उत्पन्न गरेको जनस्वास्थ्य समस्या भोगिरहेका छ । यस्तो नियति नेपालमा आउन दिन नहुने उहाँको तर्क छ । सरकारले २०८२ साल साउन १ गतेदेखि निजी क्षेत्रलाई आयोडिनयुक्त नुन उत्पादन तथा बिक्रीवितरण गर्न बाटो खुलाएको थियो । खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग काठमाडौँले गत वैशाख ४ गते मात्र 'हिमालयन पिङ्क रक साल्ट'को गुणस्तर परीक्षण गर्दा आयोडिनको मात्रा नभेटिएको 'रिपोर्ट' सार्वजनिक समेत गरेको जनाइएको छ ।

यहाँका बजारमा 'ब्लाक साल्ट' नामका भारतीय गुणस्तरहीन र मापदण्डविपरीतका नुन खुला बिक्री वितरण हुँदै भएका छन् । भारतीय सरकारले नुनमा उत्पादन तहमा ३० पिपिएम र भान्सामा पुग्दा १५ पिपिएम निर्धारण गरेको छ ।

विश्वस्वास्थ्य संगठनको मापदण्डअनुसार नेपाल सरकारले विसं २०५७ माघ २३ देखि आयोडिनयुक्त नुन उत्पादन तहमा ५० पिपिएम हुनुपर्ने, बिक्री गर्ने स्थानसम्म आइपुग्दा ३० पिपिएम र उपभोक्ताले प्रयोग गर्दासम्म अनिवार्य १५ पिपिएम हुनुपर्ने नियम कार्यान्वयन गरिरहेको छ । चिकित्सकका अनुसार आयोडिनयुक्त नुनमा जलांश अधिकतम छ प्रतिशत, सोडियम क्लोराइड न्यूनतम ९६ प्रतिशत, पानीमा नघुल्ने पदार्थ अधिकतम एक प्रतिशत हुनुपर्छ । यदि ९६ प्रतिशत सोडिमय नभएको अवस्थामा रक्तचापसम्बन्धी समस्या हुने गर्छ ।

साधारण नुनका हकमा पनि जलांश, सोडियम क्लोराइड र अन्य घुलनशील पदार्थको सीमा सरकारले निर्धारण गरेको छ । तत्कालीन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका पूर्वअतिरिक्त सचिवसमेत रहनुभएका डा बह्राराकोटीका अनुसार 'आयोडिन' शरीरलाई दैनिकरूपमा नभई नहुने सूक्ष्म पोषक तत्व हो । नुनले थाइरोड ग्रन्थीबाट थाइरोइड हर्मोनहरू निकाल्न मद्दत गर्दछ । शरीरको नियमित क्रियाको लागि जस्तै कोशिकाहरूको कार्य सुचारू राख्न, दिमागको वृद्धि र विकास गर्नजस्ता मुख्यमुख्य काममा सहयोग गर्दछ । शारीरिक र मानसिक विकासका लागि चाहिने हर्मोन उत्पादनका लागि पनि आयोडिनको आवश्यकता पर्दछ । उहाँले भन्नुभयो, "बालबालिका तथा गर्भवतीलाई आयोडिन नुनको आवश्यकता पर्दछ। यस्तो अवस्थामा दुई बालबालिका अंकित चिह्न भएको आयोडिनयुक्त नुन सही मात्रा मिलाएर खानुपर्छ।"

सरकारले 'थोरै खाऔँ, सही मात्रामा खाऔँ' भन्दै दुई बालबालिका अंकित चिह्न भएको आयोडिनयुक्त नुन मात्र खान आग्रह गर्दै आएको छ। कार्यक्रममा जिल्ला जनस्वास्थ्य कार्यालका प्रमुख वृजकुमार दासले बालबालिकामा आयोडिनको कमी हुँदा मानसिक विकास राम्ररी नहुने, पढाइमा

बाँकी तेश्रो पेजमा

# प्रदेश अस्पताल दमौलीमा एक सातामै दुई हजारभन्दा बढी बिरामीको उपचार

**भञ्ज्याङ समाचारदाता/दमौली**

गण्डकी प्रदेश सरकार मातहत रहेको प्रदेश अस्पताल दमौलीले एक साताको अवधिमा दुई हजारभन्दा बढी बिरामीलाई स्वास्थ्य सेवा प्रदान गरेको छ ।

अस्पतालले सार्वजनिक गरेको वैशाख २७ देखि जेठ २ गतेसम्मको सेवा विवरणअनुसार उक्त अवधिमा कुल दुई हजार १८ जना बिरामीले सेवा लिएका हुन् । जसमध्ये बहिरङ्ग सेवा (ओपीडी) बाट ८९५, आकस्मिक सेवा (इआर) बाट ४२ तथा भर्ना भई उपचार लिने बिरामीको संख्या २४३ रहेको छ।

अस्पतालका अनुसार उपचार सेवा लिनेमध्ये एक हजार ११० जनाले स्वास्थ्य बिमा कार्यक्रममार्फत सेवा लिएका छन् भने ९०६ जना सामान्य बिरामी रहेका छन् । सामाजिक सेवा इकाइ (एसएसयू) अन्तर्गत दुई जनाले सेवा प्राप्त गरेको अस्पतालका प्रमुख डा. परिवर्तन बरालले जानकारी गराए ।

विभागगत विवरणअनुसार सो अवधिमा जनरल ओपीडीमा सबैभन्दा बढी ८ सय ९५ बिरामीले सेवा लिएका छन् । त्यस्तै हेमोडायलाइसिस सेवामा १ सय ७१, बालरोगमा १ सय ७१, आँखा विभागमा १ सय ७९, अर्थोपेडिक विभागमा १ सय ४६ तथा स्त्री तथा प्रसूति रोग विभागमा ९० बिरामीले उपचार गराएका छन् ।



दन्त विभागमा ६४, परिवार नियोजन सेवामा ११ तथा शल्यचिकित्सा विभागमा ६ जनाले सेवा लिएको अस्पतालले जनाएको छ । आकस्मिक सेवातर्फ साताभर २ सय ४३ जनाले उपचार लिएका छन् ।

दिनगत विवरणअनुसार सोमबार सबैभन्दा बढी ४ सय ८८ बिरामीले सेवा लिएका थिए भने मंगलबार ३ सय ९६, बुधबार ३ सय ५६, बिहीबार ३ सय ४४ र शुक्रबार ३ सय ११ जनाले उपचार सेवा प्राप्त गरेका थिए । शनिबार ५६ तथा आइतबार ६७

बाँकी अन्तिम पेजमा

# सम्पादकीय ............

www.bhanjyangnews.com

## ग्रामीण पर्यटन प्रवर्द्धन

प्राकृतिक, सांस्कृतिक र ऐतिहासिक दृष्टिले धनी मुलुक हो नेपाल । यहाँका पर्वत, नदी, ताल, जंगल र पुरातात्विक सम्पदाले विश्वभरका पर्यटकहरूको ध्यान आकर्षित गर्छन् । यद्यपि, यी सम्पदाहरूको पूर्ण फाइदा लिन र देशको समग्र विकासमा योगदान पुऱ्याउन, पर्यटनको क्षेत्रको समुचित विकास अनिवार्य छ । आजको सन्दर्भमा, पर्यटन नेपालको ग्रामीण क्षेत्रहरूको आर्थिक समृद्धिका लागि एक महत्वपूर्ण माध्यमको रूपमा देखा परिरहेको छ । हाम्रा धेरै गाउँहरूमा प्राकृतिक सौन्दर्य र सांस्कृतिक विविधता प्रचुर मात्रामा रहेका छन् । तर, यी सबै समृद्धि पर्यटकहरूको आगमनको लागि पर्याप्त रूपले प्रवर्द्धित र संरक्षित गरिएको छैन। यही कारण हो कि नेपालका गाउँहरूमा पर्यटनको वास्तविक प्रभाव छिर्न सकेको छैन। पर्यटकहरूको आगमन बढाउने, उनीहरूलाई आकर्षित गर्ने र यहाँको उत्पादन र सेवाको गुणस्तरमा सुधार ल्याउने कामहरु आवश्यक छन् । पर्यटनको विकासका लागि सबैभन्दा महत्त्वपूर्ण पाटो पूर्वाधारको सुदृढीकरण हो। नेपालका धेरै पर्यटकीय गन्तव्यहरूमा सडक यातायातको समस्याले पर्यटकको पहुँचमा ठूलो अवरोध पुऱ्याउँछ । गाउँका पक्का सडक, मोटर मार्ग र सार्वजनिक यातायातको व्यवस्था सुधार्नुपर्ने आवश्यक छ। यतिमात्र होइन, राम्रो आवास व्यवस्था, शौचालय, सफा पानी, र फोहोर व्यवस्थापन जस्ता आधारभूत पूर्वाधारको अभावले पर्यटनलाई प्रभावकारी बनाउन रोक लगाइरहेको छ । यदि पर्यटनको विकासलाई गम्भीरतासाथ अघि बढाउन चाहन्छौं भने, सरकारले यी सबै पूर्वाधारमा लगानी गर्नुपर्छ र तीलाई नवीकरण र सुधारका लागि दीर्घकालीन योजनाहरु बनाउनुपर्छ। यसका लागि निजी क्षेत्रको सहभागिता पनि अत्यन्त महत्त्वपूर्ण छ। निजी क्षेत्रले होटल, रेस्टुरेन्ट, पर्यटन गाइड र अन्य सेवाहरूमा लगानी गरेर पर्यटनको पूर्वाधारलाई बलियो बनाउन सक्छ ।

पर्यटनको विकासमा केवल पर्यटकहरूको आगमन मात्र काफि हुँदैन; उनीहरूबाट आर्थिक फाइदा प्राप्त गर्नका लागि स्थानीय उत्पादन र व्यवसायको प्रोत्साहन पनि अनिवार्य छ । नेपालका ग्रामीण क्षेत्रहरूमा उत्पादित स्थानीय सामग्रीहरू हस्तकला, कृषि उत्पादन र मौलिक परिकार–पर्यटकहरूको आकर्षणको केन्द्र बन्न सक्छ । तर, अहिले यस क्षेत्रका उत्पादकहरूको वस्तु बजारमा पुग्न र पर्यटकसम्म पुऱ्याउन प्रभावकारी प्लेटफर्मको अभाव छ । यही कारण हो कि पर्यटनको विकासमा स्थानीय उत्पादनलाई जोड्नु अत्यन्त महत्त्वपूर्ण छ । यदि हामीले गाउँमा उत्पादित सामग्रीलाई पर्यटकको आवश्यकता र चासो अनुरूप प्रस्तुत गर्न सक्यौ भने, यसले स्थानीय अर्थतन्त्रलाई बलियो बनाउनेछ । त्यसैगरी, होमस्टे जस्ता ग्रामीण पर्यटनको मोडललाई प्रोत्साहन गर्दा, पर्यटन व्यवसाय र स्थानीय समुदाय बीचको सिधा सम्बन्ध बढ्नेछ र यसले दुवै पक्षलाई फाइदा पुऱ्याउँछ। नेपालका धेरै ऐतिहासिक, सांस्कृतिक र धार्मिक स्थलहरु पर्यटकहरूको आकर्षणको केन्द्र हुन सक्छन्। यद्यपि, यी सम्पदाहरूको संरक्षण र प्रवर्द्धनमा ध्यान दिनु आवश्यक छ। उदाहरणका रूपमा, धेरै धार्मिक स्थलहरु र पुरातात्विक गन्तव्यहरूको प्रबन्धन र संरक्षणका लागि अझै ठोस प्रयासहरु आवश्यक छन्। यस्ता स्थलहरूको प्रचार र संरक्षणले पर्यटनलाई केवल ऐतिहासिक महत्वको गन्तव्य नभई एक उत्साहजनक, ज्ञानवर्धक र अनुभवात्मक यात्रा बनाउनेछ ।

नेपालका ग्रामीण क्षेत्रमा भएका प्राकृतिक सौन्दर्य र सांस्कृतिक धरोहरलाई पर्यटकीय दृष्टिकोणले संरक्षण र प्रबर्द्धन गर्नुपर्ने छ। यसका लागि सरकारले स्थानीय तह र निजी क्षेत्रसँग मिलेर काम गर्नुपर्छ र ती स्थानहरूको प्रचारमा सक्रियता देखाउनु पर्छ । पर्यटनको क्षेत्रको विकास अब केवल सम्भावना मात्र होइन, आवश्यकता बनिसकेको छ। यदि नेपालले पर्यटनको क्षेत्रलाई सही दिशा र योजनासँग अघि बढाउन सक्छ भने, यो देशका ग्रामीण क्षेत्रहरूको आर्थिक समृद्धिको एक प्रमुख चालक बन्न सक्छ। यसको लागि, सबै निकाय-सरकार, निजी क्षेत्र र स्थानीय समुदायको साझा पहल आवश्यक छ। पर्यटन क्षेत्रको समुचित विकासले नेपालको सम्पूर्ण अर्थतन्त्रलाई लाभ पुऱ्याउने र गाउँका जनतालाई रोजगारीका अवसर र आर्थिक समृद्धि दिनेछ । पर्वत, पहाड र तराईमा लुकेका ती अनकहे सौन्दर्य र सांस्कृतिक धरोहरहरूको सही संरक्षण र प्रवर्द्धनले नेपालको पर्यटन क्षेत्रलाई नयाँ उचाइमा पुऱ्याउन सक्छ। अब, समय आएको छ कि हामी सबैले एकताबद्ध भएर पर्यटनको क्षेत्रमा नयाँ युगको सुरूवात गरौं । पर्यटन क्षेत्रको सामयिक प्रवर्द्धनले नै हामीलाई समृद्धिको बाटो तर्फ डोऱ्याउने छ ।

बन्दिपुर एफ.एम. प्रा.लि.द्वारा सञ्चालित
रेडियो बन्दिपुर ८८.८ मेगाहर्ज
मेरो पहिलो रोजाई Radio Bandipur 88.8MHz
बन्दिपुर-१, डुम्रेबजार, तनहुँ (प्रहरी चौकी नजिकै)
सम्पर्क : ०६५-५८०३२०, ५८०३६२, ९८५६०४२०८८, ९८५६०६०५००

# भविष्य निर्माणको पहिलो पाइला : आत्मविश्वास र अवसरको नयाँ यात्रा

हालै सार्वजनिक भएको एस.इ.इ परीक्षाको नतिजाले देशभरका हजारौं विद्यार्थी, अभिभावक तथा शिक्षकहरूलाई नयाँ उत्साह, जिज्ञासा र जिम्मेवारीको अनुभूति गराएको छ । माध्यमिक तहको अध्ययन पूरा गरेपछि विद्यार्थी जीवनको एउटा महत्वपूर्ण मोडमा आइपुग्छन्, जहाँबाट उनीहरूले आफ्नो भविष्यको मार्ग निर्धारण गर्नुपर्ने हुन्छ । यही चरणमा गरिने विषय छनोटले विद्यार्थीको उच्च शिक्षा, पेशागत जीवन, सामाजिक भूमिका तथा व्यक्तिगत सफलतासम्म गहिरो प्रभाव पार्ने भएकाले यसलाई अत्यन्त संवेदनशील र दूरदर्शी निर्णयका रूपमा लिनुपर्छ । त्यसैले उत्तम गन्तव्यको खोजी केवल राम्रो विद्यालय वा कलेजको खोजी मात्र होइने; आ ँनो रूचि, क्षमता, सम्भावना र भविष्यको लक्ष्यअनुसार सही विषय तथा सही मार्ग चयन गर्नु पनि हो ।

आजको युग तीव्र प्रतिस्पर्धा, विज्ञान–प्रविधिको विकास तथा विश्वव्यापी परिवर्तनको युग हो । हिजोका दिनमा सीमित पेशा र अवसरहरु मात्र उपलब्ध थिए भने आज शिक्षा र रोजगारीका क्षेत्रहरु अत्यन्त फराकिला र विविध बनेका छन् । सूचना प्रविधि, स्वास्थ्य सेवा, कृषि विज्ञान, पर्यटन, उद्यमशीलता, सञ्चार, बैंकिङ, अनुसन्धान, डिजिटल सेवा तथा प्राविधिक क्षेत्रहरूमा नयाँ–नयाँ सम्भावना विकसित भइरहेका छन् । यस्तो अवस्थामा विद्यार्थीले केवल समाजले प्रतिष्ठित मानेको विषय रोज्ने होइन्; आफ्नो रूचि र क्षमताअनुसार भविष्यमा अवसर सिर्जना गर्न सक्ने विषय छनोट गर्न आवश्यक छ।

एस.इ.इ परीक्षाको नतिजापछि धेरै विद्यार्थीहरु अन्योलमा पर्ने गर्दछन् । कसैले राम्रो अंक ल्याएर पनि कुन विषय रोज्ने भन्ने निर्णय गर्न सक्दैनन् भने कसैले अपेक्षाभन्दा कम नतिजा आएपछि निराश अनुभव गर्छन् । वास्तवमा एस.इ.इको नतिजा जीवनको अन्तिम निर्णय होइन, बरू नयाँ यात्राको सुरूवात मात्र हो । अंकले विद्यार्थीको एउटा शैक्षिक अवस्थालाई मात्र देखाउँछ । जीवनमा सफलता प्राप्त गर्न लगनशीलता, आत्मविश्वास, सीप, सकारात्मक सोच र निरन्तर मेहनत अझ महत्वपूर्ण हुन्छन् । संसारमा धेरै सफल व्यक्तिहरु प्रारम्भिक शैक्षिक यात्रामा सामान्य अवस्थामा भए पनि आफ्नो मेहनत र दृढ इच्छाशक्तिका कारण उच्च सफलतामा पुगेका उदाहरण प्रशस्त छन् ।

विषय छनोट गर्दा सबैभन्दा पहिले विद्यार्थीले आफ्नो रूचि पहिचान गर्नुपर्छ। कुनै पनि विषयमा रूचि भएन भने दीर्घकालीन अध्ययन कठिन बन्न सक्छ । रूचि भएको विषय पढ्दा विद्यार्थीले सहज रूपमा सिक्न सक्छ, नयाँ कुरा खोज्न उत्साहित हुन्छ र भविष्यमा पनि सोही क्षेत्रमा प्रगति गर्न प्रेरित हुन्छ । त्यसैले साथीले रोजेको, समाजले प्रशंसा गरेको वा अरूले दवाव दिएको आधारमा मात्र विषय छनोट गर्नु उपयुक्त हुँदैन ।

अहिले पनि समाजमा विज्ञान संकायलाई अत्यधिक प्रतिष्ठित रूपमा हेर्ने प्रवृत्ति पाइन्छ। धेरै अभिभावकहरु आफ्ना सन्तानलाई विज्ञान पढाउन चाहन्छन्, चाहे विद्यार्थीको रूचि वा क्षमता जुनसुकै क्षेत्रमा किन नहोस् । विज्ञान विषय वास्तवमै महत्वपूर्ण र सम्भावनायुक्त क्षेत्र हो । यसबाट चिकित्सा, इन्जिनियरिङ, सूचना प्रविधि, अनुसन्धान, कृषि विज्ञान तथा वैज्ञानिक आविष्कारका क्षेत्रमा भविष्य निर्माण गर्न सकिन्छ। तर विज्ञान अध्ययनका लागि निरन्तर मेहनत, धैर्यता र वैज्ञानिक सोच आवश्यक हुन्छ । यदि विद्यार्थीलाई गणित, प्रयोगात्मक अध्ययन तथा अनुसन्धानमा रूचि छैन भने केवल सामाजिक प्रतिष्ठाका लागि विज्ञान पढ्नु उपयुक्त हुँदैन ।

त्यस्तै व्यवस्थापन संकाय पनि आजको समयमा अत्यन्त लोकप्रिय र अवसरयुक्त क्षेत्रका रूपमा विकसित भइरहेको छ । बैंकिङ, व्यापार, उद्योग, उद्यमशीलता, होटल व्यवस्थापन, लेखा, वित्त तथा प्रशासनिक क्षेत्रमा करियर बनाउन चाहने विद्यार्थीका लागि व्यवस्थापन शिक्षा प्रभावकारी विकल्प बन्न सक्छ । आज धेरै युवाहरु आफ्नै व्यवसाय सञ्चालन गरेर आत्मनिर्भर बन्ने प्रयास गरिरहेका छन् । यस्तो अवस्थामा व्यवस्थापन शिक्षाले नेतृत्व क्षमता, आर्थिक सोच तथा व्यावसायिक सीप विकास गर्न महत्वपूर्ण भूमिका खेल्दछ ।

मानविकी तथा शिक्षा संकायलाई कतिपयले कम महत्व दिने गरेका छन् तर वास्तवमा समाज निर्माणमा यसको योगदान अत्यन्त महत्वपूर्ण छ । साहित्य, पत्रकारिता, समाजशास्त्र, राजनीति, मनोविज्ञान, इतिहास तथा शिक्षाशास्त्र जस्ता विषयहरूले समाज बुझ्ने क्षमता विकास गर्छन् । शिक्षक, लेखक, पत्रकार, समाजसेवी, अनुसन्धानकर्ता तथा नेतृत्वदायी व्यक्तित्व उत्पादन गर्न मानविकी र शिक्षा क्षेत्रको ठूलो भूमिका रहेको छ । कुनै पनि देशको सामाजिक चेतना, सांस्कृतिक विकास तथा नैतिक मूल्यको संरक्षणमा यी विषयहरूको महत्व विशेष हुन्छ ।

आजको समयमा प्राविधिक तथा व्यावसायिक शिक्षाको महत्व झन् बढ्दै गएको छ । सबै विद्यार्थीले लामो शैक्षिक यात्रा पूरा गरेर मात्र सफलता प्राप्त गर्नुपर्छ भन्ने आवश्यक छैन । कतिपय विद्यार्थीहरु छोटो समयमा सीप सिकेर रोजगार वा स्वरोजगार बन्न चाहन्छन् । इलेक्ट्रिकल, सिभिल, कम्प्युटर, होटल व्यवस्थापन, कृषि, पशुपालन, अटोमोबाइल, फेशन डिजाइन, ग्राफिक्स डिजाइन तथा अन्य प्राविधिक तालिमहरूले विद्यार्थीलाई व्यावहारिक सीप प्रदान गर्छन् । यस्ता शिक्षाले युवालाई आत्मनिर्भर बनाउनुका साथै देशको आर्थिक विकासमा पनि महत्वपूर्ण योगदान पुऱ्याउँछन् ।

अहिले पनि समाजमा विज्ञान संकायलाई अत्यधिक प्रतिष्ठित रूपमा हेर्ने प्रवृति पाइन्छ । धेरै अभिभावकहरू आफ्ना सन्तानलाई विज्ञान पढाउन चाहन्छन्, चाहे विद्यार्थीको रूचि वा क्षमता जुनसुकै क्षेत्रमा किन नहोस् । विज्ञान विषय वास्तवमै महत्वपूर्ण र सम्भावनायुक्त क्षेत्र हो । यसबाट चिकित्सा, इन्जिनियरिङ, सूचना प्रविधि, अनुसन्धान, कृषि विज्ञान तथा वैज्ञानिक आविष्कारका क्षेत्रमा भविष्य निर्माण गर्न सकिन्छ ।



लक्ष्मी श्रेष्ठ

विषय छनोट गर्दा विद्यार्थीले आफ्नो क्षमता पनि मूल्यांकन गर्न आवश्यक हुन्छ । केवल रूचि भएर मात्र पुग्दैन, त्यस विषय अध्ययन गर्न आवश्यक आधारभूत क्षमता पनि हुनुपर्छ । विज्ञान पढ्न चाहने विद्यार्थीमा गणित र वैज्ञानिक विश्लेषण गर्ने क्षमता हुनुपरे जस्तै व्यवस्थापनमा रूचि राख्ने विद्यार्थीमा नेतृत्व, सञ्चार तथा आर्थिक सोचको विकास आवश्यक हुन्छ । त्यसैले विद्यार्थीले आफ्नो सवल र दुबर्ल पक्षलाई बुझेर मात्र निर्णय गर्नुपर्छ ।

यस प्रक्रियामा अभिभावकको भूमिका अत्यन्त संवेदनशील हुन्छ । धेरैजसो अवस्थामा अभिभावकले आफ्ना इच्छा वा समाजको प्रभावका कारण बालबालिकालाई दवाव दिने गर्दछन् । यसले विद्यार्थीमा मानसिक तनाव सिर्जना गर्न सक्छ। अभिभावकले आफ्ना सन्तानको रूचि, सपना र क्षमतालाई सम्मान गर्दै सकारात्मक मार्गदर्शन दिनुपर्छ। उनीहरूलाई डर होइन, प्रेरणा र आत्मविश्वास दिन आवश्यक हुन्छ । सही निर्णय गर्न सहयोग गर्ने अभिभावक नै सन्तानको सफलताको आधार बन्न सक्छन् ।

त्यस्तै शिक्षकहरूको जिम्मेवारी पनि उत्तिकै महत्वपूर्ण हुन्छ । शिक्षक केवल पाठ पढाउने व्यक्ति मात्र होइनन्, उनीहरु

बाँकी तेश्रो पेजमा

## तपाईको आज

| | | |
|---|---|---|
| **मेष** बिहानको समय योजना बनाउने भएकाले प्रभावकारी हुनेछ। पारिवारिक सहकार्यले मन हल्का हुनेछ। | **वृष** आर्थिक मामिलामा विचारपूर्वक निर्णय लिनुहोस्। अनावश्यक खर्च घटाएर बचतमा ध्यान दिनुहोस्। | **मिथुन** काममा नयाँ जिम्मेवारी आउन सक्छ। सहयोगीहरूसंग राम्रो तालमेलले उत्साह मिल्न सक्छ। यात्रको अवसर छ। |
| **कर्कट** मनका विचार लेख्नु लाभदायी हुनेछ। आन्तरिक शान्तिको अनुभूति हुनेछ। स्वास्थ्य र खानपानमा ख्याल गर्नु । | **सिंह** पुरानो योजना सफल हुन सक्छ। सम्बन्धमा अत्याधिक बोलीले समस्या आउन सक्ने भएकाले संयम राख्नुहोला। | **कन्य** घर-परिवार र कामबीच समय व्यवस्थापनमा समस्य देखिन्छ। प्राथमिकता अनुसार समय छुट्टयाउनु। |
| **तुला** नयाँ सामाजिक सम्बन्ध निर्माण हुने सम्भावना छ। कुनै पार्टी वा भेटघाटले मन रमणीय हुनेछ। | **वृश्चिक** स्वास्थ्यमा थकाइको अनुभूति हुन सक्छ, विश्राम आवश्यक छ। साथीहरूसंग रमाइलो समय बित्नेछ। | शैक्षिक वा यात्रासम्बन्धी योजना अघि बढाउन सकिन्छ। छोटो यात्रा लाभदायी हुनेछ। |
| **मकर** बचत गर्ने सोच सकारात्मक छ। व्यक्तिगत स्वास्थ्यका लागि योग वा ध्यान गरिनु उपयुक्त रहला। | **कुम्भ** घर र कामबीचको तालमेल बिग्रन सक्छ। समय निकालेर प्रकृतिसँग नजिक हुनु उपयोगी हुनेछ। | **मीन** दिन सामान्य नै रहनेछ। व्यक्तिगत र आर्थिक मामिलामा अति उत्साहजनक परिणाम नआउला । |

# नुन पनि गुणस्तहीन ! आयोडिनविहीन ......

कमजोर हुने, सुस्त मनस्थिति, बोल्न नसक्ने, आँखा डेढो हुने र शारीरिक विकासमा पनि बाधा पुग्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "वयस्कमा आयोडिनको कमी भएमा गलगाँड आउने, थाइराइड, मानसिक, शारीरिक क्षमतामा कमीजस्ता असर देखिन्छन् । बालबालिकामा हुने न्यूरोलोजिकल क्रेटिनिज्मको मुख्य कारण आयोडिनको कमी नै हो । थाइराइडका क्यान्सर, प्रजनन क्षमतामा ह्रास, गर्भपतनजस्ता समस्या पनि देखिन सक्छ । यस्तो अवस्थालाई न्यून गर्न साल्ट ट्रेडिङ कर्पोरेशनको दुई बालबालिका अङ्कित चिह्न भएको आयोडिनयुक्त नुन मात्रा मिलाएर प्रयोगमा ल्याउनुपर्छ ।" जथाभावी नुनको प्रयोग नगर्न उहाँले आग्रह गर्दै आयोडिनको कमी हुँदा जनस्वास्थ्यमा समस्याको जोखिम देखिनसक्ने बताउनुभयो।

कार्यक्रममा बिर्तामोड नगरपालिकाका प्रमुख पवित्रा महतारा प्रसाईंले बजार अनुगमन गरेर स्वास्थ्यलाई प्रत्यक्ष असर पार्ने आयोडिनविहीन नुन बिक्रीवितरण गर्न नदिईने प्रतिवद्धता व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "दुई बालबालिका अङ्कित चिह्न भएको आयोडिनयुक्त नुन मात्र भान्सामा सही रूपमा प्रयोग गर्नलाई जनचेतना जगाउनुपर्छ ।"

सहायक प्रमुख जिल्ला अधिकारी तेजप्रकाश प्रसाईंले सीमानाकाका भन्सारबाट नुन आयातमा कडाइ र आयोडिनविहीन नुन बिक्रीवितरण रोक्न बजार अनुगमन गरिने जानकारी दिनुहुँदै यसका लागि उपभोक्ता स्वयं सचेत बन्नुपर्छ भन्नुभयो । अन्य प्रयोजनका लागि भनेर व्यापारीले भन्सारबाट नुन ल्याउने जनाइएको छ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग झापाका प्रमुख सुवासचन्द्र ओस्तीले मानव शरीरलाई अति आवश्यक पर्ने सूक्ष्म पोषकतत्व आयोडिनयुक्त नुन भएकाले यसको प्रयोगका बारेमा सचेतना आवश्यक पर्ने जनाउँदै नुन आयातमा अनुमति नदिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "नुन आयातमा अनुमति नदिए पनि बजारमा आयोडिनविहीन नुन देखिन्छ । यसलाई निरूत्साहित गर्नुपर्छ ।"

कार्यक्रममा साल्ट ट्रेडिङ कर्पोरेशन कर्पोरशनका सहायक प्रबन्धक ब्रजेश झाले हालसम्म विषम अवस्थामा पनि नुनको आपूर्ति भेराखेको जानकारी दिनुभयो । उहाँका अनुसार गत आवमा कर्पोरेशनले दुई लाख १० हजार टन आयोडिनयुक्त नुन बिक्री वितरण गरेको थियो । अर्कोतर्फ कर्पोरेशनले नुन आपूर्तिमा तत्काल अवरोध आउन नदिन छ महिनासम्मलाई पुग्ने नुन आफ्ना गोदाममा मौज्दातमा राख्दै आएको छ । उहाँले भन्नुभयो, "सरकारको कार्यादेशअनुसार नै आयोडिनयुक्त नुनको नियमित आपूर्ति र वितरण हुँदै आएको छ ।"

कार्यक्रममा मञ्चका केन्द्रीय अध्यक्ष प्रेमलाल महर्जनले आयोडिनयुक्त नुनको अर्को विकल्प नभएको चर्चा गर्दै तत्काल बजार अनुगमन गरेर आयोडिनविहीन नुन जफत गर्नुपर्छ भन्नुभयो । उहाँले भन्नुभयो, "नुनको विक्री वितरणमा निजी क्षेत्रलाई प्रवेश गराउँदा उपभोक्ताको स्वास्थ्यमा खेलवाड भयो । बजारमा आयोडिनविहीन नुन देखिन थाल्यो। यस्तो अवस्थालाई तत्काल रोक्नुपर्छ ।"

**पहुँच शतप्रतिशतः गलगाँडको समस्या शून्य**

पछिल्ला दशकका नेपालले गलगाँड (इन्डेमिक गोइटर) अर्थात् कण्ठरोग निवारणमा ऐतिहासिक सफलताप्राप्त गरेको छ । सन् १९६५ भन्दा अघिसम्म दुई जनामध्ये एक जनालाई आयोडिनको कमीले हुने विभिन्न किसिमका रोग लाग्ने गर्दथ्यो । अनुसन्धानले ५५ प्रतिशत मानिसलाई गलगाँड भएको पुष्टि भएपछि सन् १९७३ देखि अनिवार्य रूपमा आयोडिन भएको नुनको आयात गर्न निर्देशन दिएको थियो।

विगतमा आयोडिनयुक्त नुनको अभावका कारण पहाडी एवं हिमाली भू-भागका बहुसंख्यक नागरिकले गलगाँड रोगको चरम समस्यालाई झेल्नुपर्दथ्यो । घाँटीको अघिल्लो भागमा गलगाँड (डल्लो) नहुनुलाई अस्वाभाविक ठानिन्थ्योरू। गलगाँडलाई एक प्रकारले सुन्दरताको प्रतीक मानिन्थ्यो । यस्तो विकृतिका विरूद्धमा सरकारले कण्ठरोग नियन्त्रण कार्यक्रममार्फत आयोडिनयुक्त नुनको वितरण अभियानलाई देशव्यापि सञ्चालन गरेपछि पछिल्लो दशकमा गलगाँडको समस्या शून्यमा झरेको छ ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को पछिल्लो अध्ययन प्रतिवेदनका अनुसार आयोडिनयुक्त नुनको पहुँच लगभग शतप्रतिशत पुग्दा आयोडिनयुक्त नुनको कमीबाट देखिने गलगाँडको समस्या निवारण भएको हो। सरकारको आयोडिनयुक्त नुनको सर्वसुलभ पहुँच आम नागरिकसम्म पुर्‍याउने नीति र यस नीतिलाई कार्यान्वयन गर्ने साल्ट ट्रेडिङ कर्पोरेशनको चुस्त वितरण व्यवस्थापनका कारण ग्रामीण क्षेत्रमा गलगाँडको समस्या शून्यमा झरेको हो ।

राष्ट्रिय योजना आयोगद्वारा गरिएको सो कार्यक्रमको 'आन्तरिक मूल्याङ्कन प्रतिवेदन २०७३' अनुसार दुर्गम क्षेत्रमा साल्ट टूेडिङ कर्पोरेशनको चुस्त नुन वितरण प्रणालीका कारण कार्यक्रमले सफलता पाएको हो । दशकमा विशेष गरेर पहाडी एवं हिमाली क्षेत्रमा आयोडिनको कमीले हुने गलगाँड शून्यमा झरेको छ भने अन्य 'हाइपरथाइरोइडिज्म', मानसिक तथा शारीरिक क्षमतामा कमी आउने समस्यामा गिरावट हुँदै गएका छन्। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार आर्थिक वर्ष २०७०/०७१ देखि गत आर्थिक वर्षसम्म कण्ठरोग निवारणका कार्यक्रमले शतप्रतिशत नै सफलता प्राप्त गरेको छ । रासस

# भविष्य निर्माणको ......

विद्यार्थीका मार्गदर्शक पनि हुन्। विद्यार्थीलाई भविष्यका अवसर, विभिन्न विषयका सम्भावना तथा वास्तविक चुनौतीबारे जानकारी गराउनु शिक्षकको दायित्व हो । उचित परामर्श र प्रेरणाले विद्यार्थीलाई सही निर्णय लिन सहज बनाउँछ ।

आजको विश्वमा सूचना प्रविधिको प्रभाव अत्यधिक बढेको छ । कृत्रिम बुद्धिमत्ता, डिजिटल मार्केटिङ, साइबर सुरक्षा, डेटा विश्लेषण, एप विकास तथा अनलाइन व्यवसायजस्ता क्षेत्रहरु तीव्र रूपमा विस्तार भइरहेका छन्। भविष्यमा धेरै नयाँ पेशाहरु सिर्जना हुन सक्छन् भने केही पुराना पेशाहरु परिवर्तन हुन पनि सक्छन्। त्यसैले विद्यार्थीले विषय छनोट गर्दा वर्तमान मात्र होइन, भविष्यको आवश्यकता र विश्वव्यापी परिवर्तनलाई पनि ध्यान दिनुपर्छ। समयअनुसार सीप विकास गर्न सक्ने विद्यार्थी नै भविष्यमा सफल बन्न सक्छ ।

विद्यार्थीले आफूलाई अरूसँग तुलना गर्नु पनि उचित होइन । प्रत्येक व्यक्तिको क्षमता, सोच र जीवनको लक्ष्य फरक हुन्छ । कसैले विज्ञान पढेर सफलता पाउँछ भने कसैले कला, साहित्य, व्यापार वा प्राविधिक क्षेत्रमा उत्कृष्ट उपलब्धि हासिल गर्न सक्छ। सफलता केवल एउटा विषयसँग सीमित हुँदैन; मेहनत, लगनशीलता र सही दिशामा गरिएको प्रयास नै सफलताको वास्तविक आधार हो ।

एस.इ.इ पछिको समय विद्यार्थी जीवनको अत्यन्त महत्वपूर्ण चरण हो । यही समयमा लिइएको सही निर्णयले उज्ज्वल भविष्य निर्माण गर्न सक्छ भने हतारमा गरिएको निर्णयले पछुतोको अवस्था सिर्जना गर्न सक्छ । त्यसैले विषय छनोट गर्दा हतार गर्नु हुँदैन । अभिभावक, शिक्षक, अनुभवी व्यक्तिहरु तथा करियर परामर्शदातासँग सल्लाह गरेर सोच-विचारपूर्वक निर्णय लिनुपर्छ ।

उत्तम गन्तव्य भनेको अरूले देखाएको बाटो होइन, आफूलाई उपयुक्त हुने सही मार्ग हो । जीवनमा सफल बन्नका लागि आफ्नो रूचि, क्षमता, परिश्रम र सकारात्मक सोचलाई सही दिशामा प्रयोग गर्न आवश्यक हुन्छ । एस.इ.इको नतिजा एउटा नयाँ अवसर हो, जसले विद्यार्थीलाई आफ्नो सपना पूरा गर्ने मार्गतर्फ अघि बढ्न प्रेरणा दिन्छ । सही विषय छनोट, दृढ संकल्प, अनुशासन र निरन्तर मेहनतका साथ अघि बढ्ने विद्यार्थीले नै आफ्नो उज्ज्वल भविष्य निर्माण गर्न सक्छ । त्यसैले आजको आवश्यकता भनेको केवल उच्च अंक प्राप्त गर्नु होइन, सही निर्णय गरेर जीवनलाई सार्थक र सफल बनाउने दिशामा अघि बढ्नु पनि हो ।

*(लेखक जनज्योति क्याम्पस, भिमादका उपप्राध्यापक हुन्)*


## शिक्षक आवश्यकता

*विद्यालयमा सूचना प्रकाशित मिति : २०८३/०२/०५*

देवघाट गाउँपालिकाको कार्यालय तनहुँको च.नं. १०९६ मिति २०८३/०२/०४ को प्राप्त अनुमति पत्रानुसार यस विद्यालयमा निम्न माध्यमिक तह तृतीय श्रेणीको शिक्षण सहयोग अनुदान कार्यक्रम अन्तर्गत एक जना **अंग्रेजी** विषय शिक्षक करारमा नियुक्त गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र तपसिलमा उल्लेखित कागजात सहित रितपूर्वकको दरखास्त आव्हान गरिन्छ । रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन।

**तपसिल**

**विज्ञापन नं.** : ०१/२०८२/०८३
१) **पद** : निम्न माध्यमिक तह तृतीय श्रेणी (करार)
२) **विषय** : अंग्रेजी ३) **आवश्यक संख्या** : १ (एक) जना
४) **शैक्षिक योग्यताः** सम्बन्धित विषयमा कक्षा १२ वा सोसरह उत्तीर्ण
५) **दरखास्त शुल्क** : १०००/- (एक हजार रूपैयाँ)
६) **तलब** : अनुदान कार्यविधिमा उल्लेख भए अनुसार ।
७) **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
८) **आवश्यक कागजात** : नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, शिक्षण अनुमती पत्रको प्रतिलिपि, तालिम वा अनुभव र हस्तलिखित निवेदन, निरोगिताको प्रमाणपत्र ।
९) **परीक्षाको किसिम** : लिखित, अन्तरवार्ता ।
१०) **दरखास्त दिने अन्तिम मिति** : २०८३/०२/१९ गतेसम्म
११) **सम्पर्क मिति** : २०८३/०२/१९ गते विद्यालयमा समय भित्र ।
१२) **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।
**नोट** : आथिल्लो योग्यता, अनुभवी र कम्प्युटर सम्बन्धी ज्ञान भएका उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।

प्रधानाध्यापक

**श्री गोर्खा कालिका आधारभूत विद्यालय**

देवघाट गाउँपालिका-३, ल्हुङ्ग्रीङ्ग, तनहुँ ।
सम्पर्क : ९८४६८०८३३०, ९८०६६५७४९४, ९८०६५२०९९८



## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

**व्यास नगरपालिका-२, दमौली तनहुँ**

**फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८**

**जेठ ०९ गते शनिबार**



**डा. जयन्ती ज्वारचन**
**वरिष्ठ छाला, यौन, कुष्ठ तथा सौन्दर्य रोग विशेषज्ञ**
**(Manipal Teaching Hospital, Pokhara)**

**सुन्दर छाला, स्वस्थ यौन जीवन र कुष्ठमुक्त समाजको लागि समयमै परीक्षण गरौं।**

**स्वास्थ्य परीक्षण तथा उपचार गरिने प्रमुख समस्या र लक्षणहरुः**

**१. छाला सम्बन्धी रोगहरुः**
अनुहार, हात, शरीरमा रास, डाबर वा रातो-गुलियो देखिनु, चिलाउने, सुन्निने, फोकाहरु आउने, खोपडीमा बोसो, ड्यान्ड्रफ वा रौं झर्ने समस्या, सोरायसिस (Psoriasis), एक्जिमा (Eczema), एलर्जी

**२. यौनरोग सम्बन्धी समस्याहरु (Male/Female):**
यौनाङ्गमा घाउ, दुखाइ वा फोका आउने, यौन रोगजन्य संक्रमण (STI/STD), जलन, गन्ध, शीघ्रपतन, नपुंसकता, यौन दुर्बलता, यौन जीवनमा आत्मविश्वासको कमी

**३. कुष्ठ (Leprosy) रोगः**
छालामा संवेदनाहीन रङ फेरेको दाग, हातखुट्टा टर्रिने, कमजोरी वा सुन्निने, कुष्ठ रोगका प्रारम्भिक लक्षणहरु, लामो समयको छाला समस्या जसले निको हुँदैन

**४. सौन्दर्य चिकित्सा (Aesthetic Dermatology):**
छालाको रङ, दाग, डार्क स्पट हटाउने उपचार, फेसियल थेरापी, स्किन पीलिङ, स्कार ट्रीटमेन्ट, मुहार चम्काउने र त्वचा टाइट गर्ने उपायहरु, हेयर ट्रीटमेन्ट तथा लेजर सेवा, कपाल झर्ने समस्यामा Inj PRP दिनुको साथै कपाल झरेर पुरै टाउको खाली भएको र ठाउँ ठाउँमा खाली भएकोमा कपाल रोप्ने (Trasplant) पनि गरिन्छ ।

**हाम्रा उपलब्ध सेवाहरु :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा ।



उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, ब्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।




# राजमार्गका होटलमा आकस्मिक अनुगमन, म्याद नाघेका खाद्य सामग्री नष्ट

भञ्ज्याङ समाचारदाता/दमौली

पृथ्वी राजमार्ग अन्तर्गत तनहुँको आँबुखैरेनी गाउँपालिका-२ एक्लेफाँट क्षेत्रमा सञ्चालित हाइवे होटल, रेष्टुरेन्ट तथा खाद्य पसलहरूमा आकस्मिक अनुगमन गरिएको छ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय दमौली, आँबुखैरेनी गाउँपालिका, उद्योग वाणिज्य संघ सत्रसय बाराही इकाइ तथा इलाका प्रहरी कार्यालय आँबुखैरेनीको संयुक्त टोलीले राजमार्ग आसपासका होटलहरूको सरसफाइ तथा खाद्य स्वच्छताको अवस्था निरीक्षण गरेको हो ।

अनुगमनका क्रममा १३ वटा व्यवसायमा निरीक्षण गरिएको थियो। निरीक्षणका क्रममा अन्दाजी १९ हजार ५०० रूपैयाँ बराबरका म्याद नाघेका खाद्य सामग्री तथा अखाद्य कालो अमिलो झोल नष्ट गरिएको जनाइएको छ ।

खाद्य अनुसन्धान अधिकृत ज्योति आचार्यका अनुसार होटल सञ्चालकलाई सरसफाइ तथा खाद्य स्वच्छतामा सुधार गर्न सात दिनको समय दिइएको छ । म्याद नाघेका सामग्री बिक्रीका लागि राख्ने व्यवसायीलाई प्रचलित ऐनअनुसार कारबाही गरिने उनले बताए ।

आँबुखैरेनी गाउँपालिका कृषि शाखा प्रमुख सन्तोष केसीले राजमार्ग क्षेत्रमा यात्रुहरूको सचेतना बढ्दै गएकाले व्यवसायीले ग्राहकमैत्री व्यवहार गर्नुपर्ने बताए। उनले गुनासो सम्बोधनमा सक्रिय हुन तथा होटलमा गुनासो पेटिका राख्नसमेत निर्देशन दिइएको जानकारी दिए ।

उनका अनुसार गाउँपालिकाकी उपप्रमुख दुर्गा अर्यालको निर्देशनमा चाँडै खाद्य स्वच्छताका आधारमा होटल स्तरीकरण कार्यक्रमसमेत सञ्चालन गरिनेछ ।

उद्योग वाणिज्य संघ सत्रसय बाराही इकाइका सभापति शारदा पण्डितले यस्ता अनुगमनले व्यवसायीलाई सचेत र जिम्मेवार भएर व्यवसाय सञ्चालन गर्न प्रेरित गरेको बताइन् । त्यस्तै संघका सचिव राजेन्द्र अधिकारीले व्यवसायीलाई कारबाहीअघि सचेत गराउनुपर्ने आवश्यकता रहेको धारणा राखे ।



# बन्दीपुरमा आधारभूत तहको एकीकृत पाठ्यक्रम सम्बन्धी कस्टमाइज्ड तालिम

भञ्ज्याङ समाचारदाता/बन्दीपुर

तनहुँको बन्दीपुर गाउँपालिकामा आधारभूत तहको एकीकृत पाठ्यक्रम सम्बन्धी कस्टमाइज्ड तालिम सुरू भएको छ । गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको आयोजनामा तथा रूम टु रिड/सूर्योदय क्लबको सहकार्यमा सञ्चालन भएको उक्त तालिम जेठ ८ गतेसम्म सञ्चालन हुने जनाइएको छ ।

तालिमको शुभारम्भ गर्दै बन्दीपुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कमल बहादुर केसीले यस प्रकारको कार्यक्रमले शैक्षिक गुणस्तर अभिवृद्धिमा टेवा पुग्ने विश्वास व्यक्त गरे ।



कार्यक्रममा शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख भीमप्रसाद लामिछाने, शिक्षा प्राविधिक सहायक सिर्जना अधिकारी लगायतको उपस्थिति रहेको थियो।

त्यसैगरी विभिन्न विद्यालयका शिक्षक, शैक्षिक विज्ञ तथा शिक्षासँग सम्बन्धित व्यक्तित्वहरूको समेत सहभागिता रहेको जनाइएको छ।

शिक्षा शाखाका अनुसार तालिममार्फत आधारभूत तहमा लागू गरिएको एकीकृत पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने लक्ष्य राखिएको छ ।

तालिममा सहभागी शिक्षकलाई पाठ्यक्रम कार्यान्वयन, सिकाइ सहजीकरण, मूल्यांकन प्रणाली तथा विद्यार्थी केन्द्रित शिक्षण विधिबारे व्यावहारिक जानकारी प्रदान गरिने जनाइएको छ ।

# प्रदेश अस्पताल दमौली .......

बिरामीले सेवा लिएको तथ्याङ्कमा उल्लेख छ ।

अस्पतालले सार्वजनिक गरेको शल्यक्रिया सेवा विवरणअनुसार सात दिनमा सात वटा शल्यक्रिया सम्पन्न भएका छन् । जसमध्ये दुई वटा मेजर अपरेशन र पाँच वटा माइनर अपरेशन गरिएको हो । अर्थोपेडिक विभागमा तीन तथा सर्जरी विभागमा चार वटा शल्यक्रिया सम्पन्न भएको अस्पतालले जनाएको छ ।

प्रदेश अस्पताल दमौलीले दैनिक रूपमा बिरामीको चाप बढ्दै गएको अवस्थामा सेवा व्यवस्थापन, विशेषज्ञ सेवा विस्तार तथा स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी बनाउँदै लगिएको अस्पतालका प्रमुख डा. बरालले बताए ।


## स्वस्थ वातावरण, स्वस्थ जीवनको आधार

- स्वच्छ र हरित बातावरण निर्माणमा सबैले योगदान दिऔं,
- प्लास्टिकजन्य पदार्थको प्रयोग घटाऔं र पुन:प्रयोगलाई प्राथमिकता दिऔं,
- वृक्षारोपण गरौं र वन संरक्षणमा सक्रिय बनौं,
- प्रदुषण घटाउन सबै मिलेर सहकार्य गरौं,
- फोहोर व्यवस्थापन र सरसफाइमा ध्यान दिऔं,
- नवीकरणीय उर्जाको प्रयोग बढाऔं,
- जैविक विविधताको संरक्षण गरौं।

हरित पृथ्वी, सुरक्षित भविष्य ।

नेपाल सरकार
विज्ञापन बोर्ड


Surya Raj Acharya
x.com/SuryaRAcharya



**शिक्षा प्रणालीको सुधार**

विषयवस्तुको आधारभूत ज्ञान, त्यसको व्यावहारिक प्रयोग र विश्लेषणात्मक क्षमताभन्दा घोकाइमा आधारित परीक्षा-केन्द्रित शिक्षा प्रणालीले बौद्धिक आधारलाई कमजोर बनाउँछ।

यस्तो प्रणालीबाट शिक्षित व्यक्तिहरूको कामको अनुभवले पनि, धेरैजसो अवस्थामा, केवल साँघुरो दायराको क्षमता मात्र विकास गराउँछ; फराकिलो र गहिरो बौद्धिकता सहितको विज्ञता विकास गर्न सक्दैन। यसको परिणामस्वरूप समाजमा विश्लेषणभन्दा मतान्तर बढी हुने, तर्क-वितर्कमा चर्को तर सोचमा सतही, तथा आफ्नै पूर्वाग्रहमा बाँधिएको प्रवृत्ति विकसित हुन सक्छ।

धेरै दृष्टिले हेर्दा नेपाल अहिले यस्तै चुनौतीसँग जुधिरहेको देखिन्छ। त्यसैले शिक्षा प्रणालीमा आमूल र अर्थपूर्ण सुधार आजको अत्यन्तै जरूरी प्राथमिकता बनेको छ। विगतमा जस्तै सुधारका नारामै सरकारी प्रयास सीमित नहोस्।

# उत्कृष्ट जिपिए ल्याउने छात्रा सम्मानित

भञ्ज्याङ समाचारदाता/डुम्रे

तनहुँको बन्दीपुर गाउँपालिका स्तरीय आधारभूत तह उत्तीर्ण परीक्षा (कक्षा ८) मा ४.०० जिपिए हासिल गरी उत्कृष्ट नतिजा ल्याउने श्री पवित्रा माध्यमिक विद्यालयकी छात्रा मनिका नेपालीलाई विशेष सम्मान गरिएको छ। डुम्रे बजारस्थित नेक स्टोरका सञ्चालक नेक मोहम्मद मियाले विद्यालयमै पुगेर मनिकालाई नगद पाँच हजार पाँच सय रूपैयाँसहित स्टेशनरी सामग्री प्रदान गर्दै सम्मान गरेका हुन् ।

विद्यार्थीको उत्कृष्ट शैक्षिक उपलब्धिको कदर गर्दै आयोजना गरिएको कार्यक्रममा बन्दीपुर गाउँपालिका-१ का वडा अध्यक्ष शिवकुमार श्रेष्ठले उत्कृष्ट छात्रालाई सम्मान गर्दै शुभकामना व्यक्त गरेका थिए । कार्यक्रमलाई सम्बोधन गर्दै वडा अध्यक्ष श्रेष्ठले उत्कृष्ट नतिजा ल्याउने छात्रा मनिका नेपालीको प्रशंसा गर्दै आगामी दिनमा अझै मेहनत र अनुशासनका साथ अध्ययनमा लाग्न आग्रह गरेका थिए। उनले शिक्षामा लगानी र प्रतिभाको सम्मानले समाजमा सकारात्मक सन्देश प्रवाह हुने बताए ।

त्यसैगरी सहयोगदाता नेक मोहम्मद मियाको योगदानको प्रशंसा गर्दै उनले यस्ता प्रेरणादायी कार्यले अन्य विद्यार्थीलाई पनि अध्ययनप्रति उत्साहित बनाउने धारणा राखे ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष डिलबहादुर राना, शिक्षक अभिभावक संघका अध्यक्ष दीपक देवकोटा तथा विद्यालयका प्रधानाध्यापक विष्णुप्रसाद न्यौपाने लगायत शिक्षक, अभिभावक र स्थानीय व्यक्तित्वहरूको सहभागिता रहेको थियो । विद्यालय परिवारले विद्यार्थीको प्रतिभा र मेहनतलाई प्रोत्साहन गर्ने उद्देश्यले गरिएको सहयोगप्रति नेक मोहम्मद मिया तथा नेक स्टोर परिवारप्रति कृतज्ञता व्यक्त गरेको छ। साथै विद्यालयले छात्रा मनिका नेपालीको उज्ज्वल भविष्य तथा आगामी शैक्षिक यात्राका लागि शुभकामना व्यक्त गरेको जनाएको छ।




# आगलागी, विपद्जन्य घटनामा एकै दिन ७७ लाखको आर्थिक क्षति

रासस/काठमाडौं

विभिन्न ११ स्थानमा आगलागी हुँदा एक जनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार काठमाडौँसहित ललितपुर, झापा, मोरङ, धनुषा, बारा, दाङ, डडेलधुरा र अछाममा आगलागीका घटना भएको छ । प्राधिकरणकी प्रवक्ता शान्ति महतका अनुसार काठमाडौँमा मात्रै तीन ठाउँमा रामघाट, चन्द्रागिरि र तीनचुलीमा आगालागीका घटना भएको छ । तीनचुलीस्थित सिन्धुली खाजा घरमा ग्यास चुहिएर भएको आगलागीमा एक जना घाइते भएका छन् । यसैगरी, दाङको गिठेपानीमा रहेको एक किराना पसल र मासु पसलमा आगलागी हुँदा एकजना घाइते भएका छन् । अछामको मङ्गलसेनस्थित घर नजिकै खेतमा बालिएको आगोमा पर्न गरी एक दुई वर्षीय बालिकाको मृत्यु भएको प्राधिकरणले जानकारी दिएको छ ।

**चौबिस घण्टामा १८ विपद, तीनको मृत्यु**

प्राधिकरणका अनुसार पछिल्लो २४ घण्टामा आगालगीसहितका १८ वटा विपद्जन्य घटनामा तीन जनाको मृत्यु भएको छ भने पाँच जना घाइते भएका छन् । अछाममा आगलागीबाट एक, बारामा सर्पले डसेर एक र डोल्पामा लेक लागेर एक जनाको मृत्यु भएको हो । यसैगरी, विभिन्न जिल्लामा विपद्जन्य घटनामा परेर पाँच जना घाइते भएका छन् । प्राधिकरणका अनुसार ती विपद्का घटनाबाट ७७ लाख ९२ हजार बराबरको आर्थिक क्षति भएको अनुमान गरिएको छ । सबैभन्दा बढी बाराको जितपुरमा दाल बोकेको लु२ख ५९४१ नम्बरको ट्रकमा तार सर्ट भई आगलागी हुँदा ७० लाख बराबरको क्षति भएको प्राधिकरणले आज सार्वजनिक गरेको क्षतिको विवरणमा उल्लेख छ ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४